पाठ ४

# मण्डलीहरूले सत्यता सिकाउँछन्

सबै युगहरूभरि नै ठूला-ठूला मगजहरूले सत्यताका निम्ति खोजी गरेका छन्। यद्यपि, तिनीहरूले ठीक ठाउँमा यसलाई नखोजेको हुनाले यसलाई प्राप्त गर्न सकेनन्। परमेश्वर पितासँगको आफ्नो प्रार्थनामा येशूले भन्नुभयो, "तपाईंको वचन सत्य हो" (यूहन्ना १७:१७)।

बाइबल एक अचम्मको पुस्तक हो, १६०० वर्षको अवधि लगाएर लेखिएको ६६-वटा पुस्तकहरूको पुस्तकालय हो। साना-साना अक्षरमा १७५० पृष्ठमा यसलाई छापिएको छ, जसको अर्थ यो पढ्नको लागि धेरै समय लाग्छ।

अब मण्डलीहरूलाई तिनीहरूका हातमा ठूलो जिम्मा दिइएको छः यस अचम्मको पुस्तकद्वारा महान् सत्यताहरू सिकाउने काम। अरू कुनै पनि पुस्तकभन्दा बाइबलको बारेमा धेरै लेखिएको छ। लेखिने कामको अन्त्य हुन्छजस्तो देखिँदैन। बाइबलका सत्यताहरू कहिल्यै पनि पुराना हुँदैनन्– तिनीहरू कहिल्यै पनि सकिने वा नाश हुने हुँदैनन्।

जब तपाईं जीवनभरि रहने बाइबल अध्ययनमा प्रवेश गर्नुहुन्छ, तपाईंले पवित्रशास्त्रको खानीमा सुन, चाँदी र बहुमूल्य




पत्थरहरू प्राप्त गर्नुहुनेछ। खन्न लायकको सम्पत्ति यसमा संलग्न छ!

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

शिक्षणः सेवाको वरदान
मण्डली विद्यालयहरू
बाइबल अध्ययन कक्षाहरू
साधारण अगुवाहरूका तालिम कक्षाहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- शिक्षकहरूका सेवाका वरदानहरूलाई व्याख्या गर्न।
- विभिन्न किसिमका मण्डली विद्यालयहरू र बाइबल अध्ययन कक्षाहरूलाई वर्णन गर्न।
- साधारण अगुवाको तालिम कक्षाको मूल्य स्वीकार गर्न।

## शिक्षणः सेवाको वरदान

उद्देश्य १ *प्रचार र शिक्षाको बीचको भिन्नता देखाउनुहोस्।*

पाठ २-मा तपाईंलाई पवित्र आत्माका नौवटा वरदानहरूको परिचय गराइएको थियो। पवित्र आत्माका वरदानहरूका साथसाथै परमेश्वरले आफ्नो मण्डलीको निर्माणको निम्ति सेवाका वरदानहरू दिनुभएको छ। "परमेश्वरले मण्डलीमा नियुक्त गर्नुभएको छः पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू" (१ कोरिन्थी १२:२८)।

> अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन् (एफिसी ४:११-१२)।

| | | | |
|---|---|---|---|
| परमेश्वरका सन्त | जनहरू | | एफिसी ४:१२ |
| शिक्षकहरू | सहायता गर्नेहरू | प्रशासन गर्नेहरू | १ कोर १२:२८ |
| कुनेढुङ्गो ख्रीष्ट | पास्टर-शिक्षकहरू | प्रचारकहरू | एफिसी ४:१२ |
| | प्रेरितहरू | अगमवक्ताहरू | एफिसी २:२० |

**कुनेढुङ्गा ख्रीष्टका साथमा**
**सेवाका वरदानहरू**

### तपाईंको अभ्यासको निम्ति

१ एफिसी २:२०-लाई पढ्नुहोस्। माथि चित्रण गरिएको भवनका ढुङ्गाहरूमध्ये कुनै एउटामा के तपाईं आफ्नो नाम लेख्न सक्नुहुन्छ? किन? (आफ्नै शब्दहरूमा जवाफ दिनुहोस्।)

........................................................................

१ कोरिन्थी १२-मा शिक्षा दिने सेवालाई धेरै महत्त्वपूर्ण स्थानमा राखिएको छ। जहाँ पावलले सेवाका वरदानहरूलाई गनेका छन् र शिक्षकको कामचाहिँ तेस्रो संख्यामा आउँछ। कोही-कोही बाइबल विद्वान्हरूले पास्टर र शिक्षकका वरदानहरूलाई एउटै तहमा राखेका छन्।

जवान बयस्कहरूका निम्ति सञ्चालन गरिएको बाइबल अध्ययनमा मरियम र तिमोथीले आशिष् पाइरहेका थिए। तिनीहरूका शिक्षक अन्द्रियास जयले तयारीसाथ पाठहरू सिकाउँथे र चाखलाग्दो छलफलमा प्रत्येकलाई भाग लिने उत्साह दिन्थे।

"पास्टरको सेवा र शिक्षकको सेवाको बीचमा के फरक छ?" भनी एक दिन तिमोथीले उनलाई प्रश्न गरे।

"*तिमीलाई* कस्तो लाग्छ?" भनी श्री जयले तिमोथीलाई सोधे।

तिमोथीले एक छिन सोचविचार गरे र त्यसपछि जवाफ दिए, "तिनीहरूका बीचमा घनिष्ठ सम्बन्ध छजस्तो मलाई लाग्छ। दुवै पास्टर र शिक्षकले आफूले प्रस्तुत गर्ने विषयको तयारीको निम्ति बाइबल अध्ययन र प्रार्थना गर्नैपर्छ। हुन सक्छ, मुख्य फरकचाहिँ तिनीहरूले प्रस्तुत गर्ने तरीका नै हो।"

"ठीक हो" भनी श्री जयले सही थाप्छन्। "हुन सक्छ हामी यसलाई यसरी भन्न सक्छौं। सबै पास्टरहरू शिक्षकहरू पनि हुनैपर्छ। तिनीहरूले मेहनतसाथ अध्ययन गर्नैपर्छ, अरूहरूलाई शिक्षा र अर्ती दिन सक्ने हुनुपर्छ र तिनीहरूका उपदेशहरूद्वारा मानिसहरूलाई प्रेरणा दिन सक्नुपर्छ। यद्यपि सबै शिक्षकहरूचाहिँ पास्टरहरू होइनन्। म शिक्षक हुँ तर पास्टर होइन भन्ने कुरा तिमी स्पष्टसँग देख्न सक्छौं। म सबैको अगाड़ि उभिएर प्रचार गर्दिनँ वा मण्डलीमा पनि पास्टरको काम गर्दिनँ। दुवै पास्टरहरू र शिक्षकहरूका मण्डलीमा भिन्नाभिन्नै काम वा सेवाहरू छन्।"

तपाईंले पाठ ३-मा सिकिसक्नुभएको छ कि प्रचार गर्नु भनेको पश्चात्ताप र समर्पणमा प्रतिउत्तर दिनका लागि श्रोताहरूलाई उत्प्रेरित गर्ने सन्देशको *घोषणा गर्नु* हो। शिक्षा दिनुचाहिँ मानिस-हरूलाई सूचना दिने उद्देश्यले सत्यताको व्याख्या गर्नु हो, जसले आत्मिक रूपमा वृद्धि हुनका लागि तिनीहरूलाई सहायता पुऱ्याउँछ।

ख्रीष्टले शिक्षकहरूलाई मण्डलीमा राख्नुभएको छ। शिक्षा दिने वरदान भएको व्यक्तिले त्यस वरदानलाई विकास गर्नुपर्छ। वीणा बजाउन पोख्त व्यक्तिजस्तै असल शिक्षक पनि जन्मैबाट परिपक्व भएको हुँदैन। शिक्षकहरूले तालिम प्राप्त गर्नैपर्छ; आफ्ना विषयहरूमा तिनीहरू दक्ष हुन चाहन्छन् भने तिनीहरूले अध्ययन गर्नैपर्छ। मानिसहरूलाई परमेश्वरको वचन सिकाउने ठूलो जिम्मेवारी तिनीहरूका काँधमा छ र जसलाई तिनीहरूले सिकाउँछन्, उनीहरूले पनि अरूहरूलाई सिकाउँछन् र तालिम दिन्छन्। त्यसकारण नै प्रेरित पावलले तिमोथीलाई उत्साह दिएका थिए।

> धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथी २:२)।

यसभन्दा पहिले पनि उनले लेखेका थिए, "यसै सुसमाचारको निम्ति म एक प्रचारक, प्रेरित र शिक्षक नियुक्त भएँ" (२ तिमोथी १:११)। यहाँ उनले प्रेरित र शिक्षकको आफ्नो कामलाई एकैसाथ राखेका छन्। प्रेरित पावल शिक्षकहरूका शिक्षक बने।



### तपाईंको अभ्यासको निम्ति

**२** कोष्ठमा दिइएका दुइ उत्तरहरूमध्ये सबैभन्दा ठीक उत्तर छान्नुहोस् र यसलाई खाली ठाउँमा लेख्नुहोस्।

**क.** शिक्षा दिनु परमेश्वरको वचनको .................... हो।
(घोषणा गर्नु\ व्याख्या गर्नु)

**ख.** प्रचार गर्नु परमेश्वरको वचनको ...................... हो।
(घोषणा गर्नु\ व्याख्या गर्नु)

**ग.** पावलले ......................................-लाई सेवाका वरदानहरूको सूचीको तेस्रो संख्यामा राखेका छन्।
(प्रचार\ शिक्षा)

## मण्डली विद्यालयहरू

उद्देश्य २ *मण्डली विद्यालयका कामहरूलाई व्याख्या गर्नुहोस्।*

मण्डली विद्यालयहरूमा भाग लिने लाखौं विश्वासीहरूलाई मरियम र तिमोथीले प्रतिनिधित्व गरेका छन्। आइतबार भेला गराउने विद्यालयहरूलाई प्रायःजसो सण्डे स्कूल भनिने चलन छ।

पहिलो सण्डे स्कूल १७८०-मा बेलायतमा शुरू गरिएको थियो। कारखानाहरूमा काम गर्ने केटाकेटीहरूले तिनीहरूको बिदाको दिन आइतबार देखाएको छाडा व्यवहारलाई रबर्ट राइकस नाम भएका एक जना दयालु मानिसले ध्यान दिएर हेरे। तीमध्ये धेरै जना केटाकेटीहरूलाई उनले एउटा स्कूलमा निमन्त्रणा गरे र तिनीहरूलाई लेखपढ् गर्न सिकाउन र मण्डली सिद्धान्त सिकाउनका लागि केही दिदी-बहिनीहरूको बन्दोबस्त मिलाए। गरीब र भोका केटाकेटीहरूलाई उसिनेको आलु दिएर भाग लिनका लागि एक पल्ट उनले उत्साह दिएका थिए!



केटाकेटीहरूसँग उनले गरेको काम यति सफल भयो, कि उनले काम गरेको जिल्लालाई नै "आइतबारमा स्वर्गजस्तै" भनी

वर्णन गरियो। सण्डे स्कूलको धारणा संसारका अरू भागहरूमा पनि अति नै छिटो फैलियो। सबै ठाउँमा गएर चेला बनाउने र उहाँको आज्ञा पालन गर्नका लागि मानिसहरूलाई सिकाउने ख्रीष्टको आज्ञा पूरा गर्नका लागि यी स्कूलहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन्।

सण्डे स्कूल केटाकेटीहरूको सहभागिताबाट शुरू भएको भए तापनि सबै उमेरका व्यक्तिहरूका लागि यो तालिम आवश्यक छ। केही मण्डलीहरूमा हरेक उमेर र हरकिसिमका विद्यार्थीहरूका लागि क्रियाकलापहरू र कक्षाहरू सञ्चालन गरिएका छन्। तिनीहरूको नाराचाहिँ "सण्डे स्कूल सबैका निम्ति हो– १०० वर्षको उमेर भएकाहरूका लागि पनि। अनि कहिलेकहीँ १०० वर्ष नाघेको व्यक्ति पनि सण्डे स्कूलमा हाजिर हुन्छ!

धेरै मण्डलीहरूले अहिले *मण्डली स्कूल* भन्ने नाम प्रयोग गर्नका लागि उपयुक्त ठानेका छन्, किनकि आइतबारमा मात्र नभएर अरू दिनहरूमा पनि यस्ता कक्षाहरू सञ्चालन गर्न सकिन्छ, उदाहरणको लागि शनिवार वा हप्ताका अन्य दिनका साँझहरूमा।

मण्डली स्कूललाई चाहिने सुविधाहरू यसै उद्देश्यको निम्ति निर्माण गरिएको भवनको विस्तारबाट पनि बढ़ाउन सकिन्छ। प्रत्येक कक्षाको निम्ति ठाउँ र शैक्षिक सामग्रीको उपलब्ध गराउन सकिन्छ। कुनै-कुनै मण्डली स्कूलहरूमा यस्ता सामग्रीहरू उपलब्ध हुँदैनन्। विद्यार्थीहरू रूखका छहारी वा पालमुनि बस्ने गर्छन्। हुन सक्छ, कुनै पुस्तक-पुस्तिका पनि उपलब्ध नभएको हुन सक्छ। तर केही शिक्षकहरूले तिनीहरूसँग भएका थोरै कुराहरूबाट नै अचम्मका कामहरू गरेका छन्! जस्तोसुकै सुविधाहरू उपलब्ध भए तापनि शिक्षकहरूसँग *सन्देश* हुनैपर्छ र यसलाई सिकाउनका लागि तालिम पाएको हुनुपर्छ।

भ्याकेसन (बिदा) बाइबल स्कूल (भि. बि. एस.), जुनचाहिँ मण्डली स्कूल सेवाको एक विभाग हो, यसलाई प्रायःजसो केटाकेटीहरूको नियमित स्कूल छुट्टी भएको बेलामा एक वा दुइ हप्ता सञ्चालन गरिन्छ। भि. बि. एस.-लाई आफ्नै समुदायमा, अर्को भवनमा वा कुनै शिविरमा सञ्चालन गर्न सकिन्छ।

केही मण्डलीहरूले ख्रीष्टियान स्कूलहरू विकास गरी प्राथमिक वा माध्यमिक शिक्षा सञ्चालन गरेका छन्। अरूहरूले प्रौढ शिक्षाका कक्षाहरू सञ्चालन गरी लेखपढ् गर्न सिकाएका छन्। यी कक्षाहरूमा विद्यार्थीहरूका पाठ्यपुस्तकको रूपमा बाइबललाई पनि प्रयोग गरिन्छ।

तिनीहरूले जस्तोसुकै पाठ्यपुस्तक छाने पनि मण्डली स्कूलहरूको मुख्य कार्य सबैका निम्ति ख्रीष्टियान शिक्षा उपलब्ध गराउनु हो। सबैको अगाड़ि प्रचार गरिने परमेश्वरको वचन मात्र पर्याप्त हुँदैन। हाम्रा छोराछोरीहरू र जवान मानिसहरूलाई विशेष गरी बाइबलको शिक्षा आवश्यक छ। एक बलियो मण्डली स्कूलले बलियो स्थानीय मण्डली निर्माण गर्न सहायता पुऱ्याउँछ।



**तपाईंको अभ्यासको निम्ति**

**३** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. मण्डली स्कूलहरू केटाकेटीहरूका लागि मात्र हुन्।

ख. सण्डे स्कूलमा वा मण्डली स्कूलमा शिक्षा दिनु महत्त्वपूर्ण सेवा हो।

ग. हप्ताको एक घण्टा मात्र पढ़ाए तापनि शिक्षकहरूलाई तालिमको आवश्यकता पर्छ।

घ. मण्डली स्कूलले मण्डलीमा वास्तविक प्रभाव पार्न सक्दैन।

४ मण्डली स्कूलले उपलब्ध गरिदिन सक्ने सम्भाव्य शिक्षाका क्षेत्रहरू के-के हुन सक्छन्, करीब चारवटालाई उल्लेख गर्नुहोस्।......................................................................

..........................................................................................

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

---

**बाइबल अध्ययन कक्षाहरू**

---

उद्देश्य ३ *बाइबल अध्ययन कक्षामा सहभागी हुनुका फाइदाहरूलाई परिचित गर्नुहोस्।*

बाइबल अध्ययन कक्षाहरू मण्डली स्कूलहरूसँग नजीकतामा सम्बन्धित छन्। यी कक्षाहरूमा पवित्रशास्त्रको गम्भीर अध्ययन हुन्छ र प्रायःजसो प्रौढ़हरू यसमा सहभागी हुन्छन्। मण्डली स्कूलहरूमा भएझैं तिनीहरूमा उमेरको सीमा निर्धारित गरिएको हुँदैन, यद्यपि पुरुष, स्त्री र जवानहरूको समूहमा अध्ययनलाई विभाजित गर्न सकिन्छ। ठूला मण्डलीहरूले प्रायःजसो तिनीहरूका अध्ययनलाई विभाजन गर्छन्, यसरी प्रत्येक व्यक्ति आफूलाई आवश्यक पर्ने र चाख लाग्ने विषयमा सहभागी हुन सक्छ।

धेरै मण्डलीहरूमा बीच-हप्ताको सेवा सञ्चालन गरिन्छ, जसमा प्रार्थना र बाइबल अध्ययनको समय संलग्न गरिएको

हुन्छ। पास्टर वा अरू अगुवाहरूले यी कक्षाहरूमा शिक्षा दिने काम गर्छन्।




यी कक्षाहरूमा उद्धारजस्ता बाइबलका मुख्य *विषयवस्तु*, वा मोशा वा दाऊदजस्ता *व्यक्ति*हरूको जीवन चरित्रलाई अध्ययन गर्न सकिन्छ। याकूबको पुस्तकका परमशिक्षाजस्ता बाइबलका *खण्ड*हरूलाई पनि अध्ययनका केन्द्र बनाउन सकिन्छ।

पवित्र आत्माको अभिषेकमा सिकाइएका चाखलाग्दा बाइबल अध्ययनहरू सबैका निम्ति आशिषित् हुन सक्छन्। पावलले लेखेका छन्, "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्" (कलस्सी ३:१६)। पेन्तिकोसको दिनपछि प्रेरितहरूले विश्वासीहरूलाई विश्वासको सिद्धान्त सिकाए (प्रेरित २:४२), त्यस बेलादेखि पछिसम्म नै शिक्षालाई जोड़ दिइयो (प्रेरित १६:६-१०; २०:२०)।

परमेश्वरको वचनमा गहिरोसँग जरा गाड़िएको मण्डली बलियो मण्डली हो। विभिन्न समयमा आउने अनौठा शिक्षाहरूले यसलाई सजिलैसँग ओल्टयाङ्-पल्टयाङ् गर्न सक्दैन। हामी

आत्मिक रूपमा परिपक्व बन्दै जाँदा "हामी छालले अगिपछि हुत्त्याइएका, धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाएका व्यक्तिहरूझैं हुनेछैनौं" (एफिसी ४:१३-१४)।

विश्वासीहरूका घरमा सञ्चालन गरिएका बाइबल अध्ययनहरू अति फलदायक प्रमाणित भएका छन्। दशदेखि बीस जना मानिसहरूको समूहलाई उपयुक्त हुने ठाउँ, पाएक पर्ने क्षेत्र र समय मिलाइ हप्ताको कुनै दिनमा कक्षाहरू सञ्चालन गरिन्छ। यस किसिमको अध्ययन र छलफलले कक्षामा भाग लिनेहरू परमेश्वरको वचनको शिक्षामा नजीक आउन सक्छन्। पारिवारिक वातावरणमा एक-अर्कासँग सत्यताहरू र अनुभवहरू बाँड्न मानिसहरूले स्वतन्त्रताको अनुभव गर्छन्।

यी घरेलु अध्ययन प्रणालीमा शिक्षकहरूले पनि पहिल्यै कक्षामा अध्ययन र तयारी गरिसकेका हुन्छन्। यस थप सहायताको साथसाथै अरूहरूलाई पाठ सिकाउनुभन्दा पहिले शिक्षकहरूले प्रार्थना र तयारीमा धेरै समय बिताउनैपर्छ।

आई सी आई-ले सञ्चालन गरेकाजस्ता पत्राचार पाठ्यक्रम-हरूलाई धेरै समूहहरूले प्रभावशाली ढङ्गमा प्रयोग गरेका पनि छन्। पाठ्यक्रमलाई (क्रमिक पाठहरूलाई) एकैसाथ बाँड्दा यो सबैको निम्ति अति नै चाखलाग्दो बनिदिन्छ। सफलतासाथ पाठ्यक्रम समाप्त गर्नेहरूलाई प्रमाण-पत्र दिन सकिन्छ।

शिबिरहरूमा वा विशेष सभाहरूमा पनि बाइबल अध्ययन सञ्चालन गर्न सकिन्छ। मानिसहरू आफ्ना घर र कामबाट टाढ़ा हुँदा परमेश्वरको वचनमा ध्यान दिनका लागि तिनीहरूले प्रशस्तै समय पाउँछन्। असल, र पूर्ण बाइबल अध्ययन कक्षाहरूले फल उत्पादन गर्छन्। अनि प्रार्थना र परमेश्वरलाई पर्खने समयको साथमा त तिनीहरूले अझ धेरै फल फलाउँछन्!

### तपाईंको अभ्यासको निम्ति

**५** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। बाइबल अध्ययन समूह हुनुको एउटा फाइदाचाहिँ यो हो कि

**क.** अनौपचारिक अवस्थामा आफ्ना अनुभवहरू बाँड्नका लागि मानिसहरूले अलि धेरै स्वतन्त्रताको अनुभव गर्छन्।

**ख.** विशेष आवश्यकता वा उमेर समूहमा तिनीहरूलाई मिलाउन सकिन्छ।

**ग.** समूह अध्ययन दुवै चाखलाग्दो र प्रभावशाली हुन सक्छ।

**घ.** मण्डलीमा जाने कुराको यो विकल्प हुन सक्छ।

**६** बाइबल कक्षामा अध्ययन गर्न सक्ने तीनवटा सम्भाव्य तरीका (विषय)-हरूलाई हाम्रो पाठमा सुझाव दिइएको छ। एउटाचाहिँ अध्ययनको लागि छानिने मुख्य विषयवस्तु थियो। अरू दुइवटा चाहिँ के-के थिए? ..................................

....................................................................

....................................................................

## साधारण अगुवाहरूका तालिम कक्षाहरू

उद्देश्य ४ *साधारण अगुवाहरूका तालिम कक्षाहरूका उद्देश्यहरू-लाई परिचित गर्नुहोस्।*

यो आनन्दित बसन्त ऋतुको साँझ थियो र मरियम र तिमोथी मण्डलीबाट घर फर्किरहेका थिए।

"तिमोथी, भोलि बेलुकी शुरू हुने यस साधारण अगुवाहरूको तालिम के हो?" साधारण अगुवाहरू भनेका को हुन्? के तपाईं पनि जानुहुन्छ" भनी मरियमले सोधिन्।

"म ता जाँदिनँ, तर तिम्रो अर्को प्रश्नको सम्बन्धमा साधारण अगुवाहरू भनेका ती मानिसहरू हुन्, जो विभिन्न पेशामा संलग्न हुन्छन्, तर मण्डलीमा पनि तिनीहरूले काम गर्छन्। तिनीहरू एल्डरहरू, डिकनहरू, फुण्डका अगुवाहरू, सण्डे स्कूलका शिक्षकहरू भई काम गर्छन्। लोक पनि तिनीहरूमध्ये एक जना हुन्," भनी तिमोथीले जवाफ दिए।

"एक जनाचाहिँ लोक हुन् भनी के भनेको" भन्दै लोक पनि तिनीहरूसँगसँगै हिँड्नलाई आइपुगे।

"के तपाईं जान्न चाहनुहुन्न र?" भनी उनलाई गिज्याउँदै लोक मुस्कुराए। "साँचो भन्ने हो भने, तपाईं साधारण अगुवा हुनुभएको बारेमा र भोलिदेखि शुरू हुने तालिम कक्षाहरूका बारेमा हामीले कुराकानी गरिरहेका थियौं। तपाईं त्यसमा अवश्य पनि सहभागी हुनुहुन्छ!"

"हो म सहभागी हुने नै छु," भनी लोकले जवाफ दिए। "मैले प्राप्त गर्न सक्ने सबै तालिमको मलाई आवश्यकता छ! प्रभुको काममा अगुवा हुनु भनेको ठूलो जिम्मेवारीको काम हो। तिमोथी, तपाईं पनि चाहनुहुन्छ भने यी कक्षाहरूमा सहभागी बन्न सक्नुहुन्छ। भविष्यको निम्ति तालिम प्राप्त गर्न सक्ने प्रत्येक अगुवाको हामीलाई आवश्यकता छ। हाम्रा पास्टर र उनका सह-कर्मीहरूले सबै थोकहरूको रेखदेख गर्न सक्दैनन्, विशेष गरी जब मण्डलीको वृद्धि भइरहेको छ। हामीले उहाँहरूको जिम्मालाई हलुको बनाउनुपर्छ र यसरी उहाँहरूले आत्मिक सेवाको निम्ति धेरै समय बिताउन सक्नुहुन्छ। वास्तवमा भन्ने हो भने, परमेश्वरका सबै जनहरू ख्रीष्टियान सेवाको निम्ति तयारी हुनैपर्छ।"

पहिलो तिमोथी ३:१-७-ले सबै मण्डली अगुवाहरूका निम्ति उच्च योग्यताहरूको सूची बनाएको छ। तिनीहरू विश्वासमा परिपक्व, भरोसायोग्य, र सम्मानित व्यक्तिगत जीवन जिउनेहरू हुनैपर्छ। साधारण अगुवाहरूको तालिम कक्षाहरूमा बाइबल अध्ययनहरू र मानिसहरूका आवश्यकताहरू र मण्डलीका विषयहरूमा छलफल गर्ने व्यावहारिक शिक्षाहरू समावेश गरिएको हुन्छ। परमेश्वरले साधारण सेवामा बोलाउनुभएका व्यक्तिहरूले यी विभिन्न जिम्मेवारीहरू पूरा गर्नका लागि तालिम प्राप्त गर्नु अति नै महत्त्वपूर्ण हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**७** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। साधारण अगुवा तालिम कक्षाहरूले के कुरामा सहयोग पुऱ्याउनका निम्ति सेवकहरूलाई तयार गर्छ?

**क**. बाइबलका सत्यताहरू सिकाउनका लागि।

**ख**. पास्टरहरू हुनका लागि।

**ग**. व्यावहारिक ख्रीष्टियान सेवाको लागि।

**घ**. मण्डलीका जिम्माहरू पूरा गर्नका लागि।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ विश्वासीको हैसियतले तपाईंले हो भनी उत्तर दिन सक्नुहुन्छ, किनकि तपाईंले आफ्नो जीवनलाई ख्रीष्टमा निर्माण गरिरहनुभएको छ।

५ क) अनौपचारिक अवस्थामा आफ्ना अनुभवहरू बाँड्नका लागि मानिसहरूले ............ अनुभव गर्छन्।
ख) विशेष आवश्यकता वा उमेर समूहमा तिनीहरूलाई मिलाउन सकिन्छ।
ग) समूह अध्ययन दुवै चाखलाग्दो र प्रभावशाली हुन्छ।

२ **क** व्याख्या गर्नु
**ख** घोषणा गर्नु
**ग** शिक्षा

६ कुनै व्यक्तिको जीवनचरित्र वा बाइबल खण्ड।

३ **क** बेठीक **ग** ठीक
**ख** ठीक **घ** बेठीक

७ क) बाइबलका सत्यताहरू सिकाउनका लागि।
ग) व्यावहारिक ख्रीष्टियान सेवाका लागि।
घ) मण्डलीका जिम्माहरू पूरा गर्नका लागि।

४ तल उल्लेखित कुनैलाई पनि तपाईंले उल्लेख गरेको हुनुपर्छः केटाकेटीहरू र जवानहरूलाई शिक्षा दिनु, बहिराहरूका कक्षाहरू, बिदा बाइबल स्कूल, वर्षे शिबिरहरू, ख्रीष्टियान स्कूलहरू, प्रौढ़ शिक्षा कक्षाहरू वा अन्य कार्यक्रमहरू जसका बारेमा तपाईंलाई जानकारी छ।